हरिहरपुरगढी गाउँपालिकाको २३ औं गाउँसभामा

अध्यक्ष श्री बज्रध्वज वाईवाद्वारा प्रस्तुत

हरिहरपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

**हरिहरपुरगढी गाउँकार्यपालिकाको कार्यालय**

**झनझने, सिन्धुली**

२०८३ असार ५ गते

हरिहरपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झनझने, सिन्धुली

## २३ औ गाउँसभा समक्ष प्रस्तुत आ.व. २०८३/२०८४ को बार्षिक नीति तथा कार्यक्रम

सभाका सदस्यज्यूहरू,

हरिहरपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रम सार्वजनिकिकरण कार्यक्रमका उपस्थित गाउँपालिका उपाध्यक्षज्यू, प्रवक्ताज्यू, वडा अध्यक्षज्यूहरु तथा गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, राजनीतिक, सामाजिक, शैक्षिक क्षेत्रमा क्रियाशील विशिष्ट महानुभावहरु, सञ्चारकर्मीज्यूहरु तथा कर्मचारी मित्रहरु, उपस्थित सम्पूर्ण महिला तथा सज्जनबृन्दप्रति हरिहरपुरगढी गाउँपालिकाको २३ औं गाउँसभाको यस गरिमामय बजेट अधिवेशनमा यहाँहरूलाई हार्दिक स्वागत गर्दछु । स्थानीय सरकारको दोस्रो कार्यकालको उत्तरार्द्धमा आइपुग्दा हामीले जनअपेक्षा अनुरूप संघीय लोकतान्त्रिक गणतन्त्रको मर्मलाई आत्मसात् गर्दै विकासको यात्रालाई निरन्तर रुपमा अघि बढाएका छौं । यस ऐतिहासिक घडीमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि भएका विभिन्न राजनीतिक आन्दोलन, जनयुद्ध, जनआन्दोलन र जेन्जी बिद्रोहमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते, अपाङ्गता भएका व्यक्ति र बेपत्ता योद्धा एवं परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

ऐतिहासिक हरिहरपुरगढी किल्लाको काखमा अवस्थित हाम्रो गाउँपालिका प्राकृतिक स्रोत, कृषि र पर्यटनको प्रचुर सम्भावना बोकेको क्षेत्र हो। **"समृद्ध हरिहरपुरगढी गाउँपालिकाको आधारः शिक्षा, स्वास्थ्य, कृषि, वन, पर्यटन र पूर्वाधार"** भन्ने मूल नारालाई शिरोधार्य गर्दै हामीले सीमित स्रोत र असीमित आवश्यकताका बीच सन्तुलन कायम गरी यो नीति तथा कार्यक्रम तय गरेका छौं ।

स्थानीय तहको दोस्रो आम निर्वाचन सम्पन्न भई हामीले कार्य प्रारम्भ गरेको ४ वर्ष व्यतित भइसकेको छ । यस अवधिमा हाम्रो कार्यसम्पादनको मूल्याङ्कन गर्ने अभिभारा आम गाउँबासीलाई नै सुम्पदै यस गरिमामय सभामा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

सभाका सदस्यज्यूहरु,

नेपालको संघीय संरचना अनुसार बागमती प्रदेश अन्तर्गत सिन्धुली जिल्लाका ९ वटा स्थानीय तहहरु मध्ये यो गाउँपालिका जिल्लाको दक्षिण-पश्चिम भेगमा अवस्थित रही ३४३.९ वर्ग कि.मी. क्षेत्रफलको बिशाल भूगोलमा फैलिएको तथा ऐतिहासिक हरिहरपुरगढी किल्लाको नामबाट नामाकरण भएको गाउँपालिका हो । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या

२६,५०५ रहेको छ । मूलत: तामाङ्ग जनजातिको बाहुल्यता रहेको यस गाउँपालिकाले भिन्न भौगोलिक, साँस्कृतिक, सामाजिक, राजनीतिक तथा आर्थिक पहिचान बोकेको छ । यहाँ विशेषगरी तामाङ्ग, राई, दनुवार, मगर, माझी, नेवार, दलित तथा बाहुन/क्षेत्री लगायतका जातजातिका मानिसहरु बसोवास गर्दै आईरहेका छन् । पूर्वमा मरिण गाउँपालिका, उत्तरमा काभ्रेपलाञ्चोक जिल्लाको महाभारत र खानीखोला गाउँपालिका, दक्षिणमा सर्लाही जिल्लाको लालबन्दी, हरिवन र बाग्मती नगरपालिका तथा रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका साथै पश्चिममा बहने बागमती नदीले मकवानपुरको बाग्मती गाउँपालिकासँग सिमाना जोडेको छ भने गाउँपालिकाको बिचबाट बहने मरिण नदीले यस पालिकालाई २ भागमा बिभाजन गरेको छ ।

गाउँपालिका स्थापना भएदेखि नै लोकतान्त्रिक विधि र पद्धति अनुरूप कार्य सञ्चालन गरी छोटो समयसीमाभित्र गाउँपालिकाले सुशासन, विकास र समृद्धिको जग तयार गरेको छ। सीमित स्रोत र साधनका बाबजुद गाउँबासीको असीमित आकाङ्क्षा परिपूर्ति गर्नु निश्चित रूपमा चुनौतीपूर्ण छ। तथापि सीमित स्रोत र असीमित जनचाहनाबीच सन्तुलन कायम गर्दै नेपालको संविधान, सोह्रौं योजना, मानव विकास सूचकाङ्क, दिगो विकासका राष्ट्रिय लक्ष्यहरू, आवधिक योजना, गाउँबासीको विकासको चाहना तथा राजनीतिक दलहरूको प्रतिबद्धता र जनप्रतिनिधिहरूको आकाङ्क्षालाई मध्यनजर गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ। यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा भौतिक तथा डिजिटल लगायत विभिन्न माध्यमबाट राय, सल्लाह तथा सुझाव प्रदान गर्नुहुने र यस कार्यका लागि सहयोग पुऱ्याउनुहुने सम्पूर्ण गाउँबासी, राजनीतिक दलहरू, नागरिक समाज, कर्मचारी तथा सञ्चार जगतप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**सभाका सदस्यज्यूहरू,**

लोकतन्त्र आफैंमा जनमुखी शासन हो। स्थानीय सरकारले लोकतन्त्रका मूल्य र विधिलाई कानुन तर्जुमा, सेवा प्रवाह, विकास तथा विपद् व्यवस्थापनका माध्यमबाट स्थानीयकरण गरेको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनी व्यवस्थाले स्थानीय तहलाई नीति निर्माण, विकास व्यवस्थापन, स्रोत-साधनको परिचालन, सेवा प्रवाह एवं सुशासन तथा विपद् व्यवस्थापनका कार्यसूची प्रदान गरेको छ। उल्लिखित कार्यसूचीलाई मध्यनजर गरी यस हरिहरपुरगढी गाउँपालिकालाई एक उत्कृष्ट एवं नमूना स्थानीय तहका रूपमा स्थापित गर्ने, युवा स्वरोजगार र गरिबी न्यूनीकरण गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने तथा योजनाबद्ध रूपमा बस्ती विकाससँगै भौतिक पूर्वाधारको दृष्टिले नमुना गाउँपालिकाको रूपमा पहिचान झल्किने प्रमुख लक्ष्य यस नीति तथा कार्यक्रमले लिएको छ।

कार्यालयबाट प्रदान गरिने दैनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनतासामु पुऱ्याउन समग्र गाउँपालिकाको क्षमता विकास गर्नु अपरिहार्य छ। सेवाग्राहीले सरल र सहज

तरिकाले सेवा प्राप्त गर्ने हक सुनिश्चित गर्न सूचना तथा प्रविधिको उच्चतम प्रयोग गर्नु अनिवार्य छ। आन्तरिक सुशासन र सुदृढ प्रशासनको विकासबाट हामीले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम सोही दिशातर्फ निर्देशित रहेको कुरा म यहाँहरूमाझ अवगत गराउन चाहन्छु।

**सभाका सदस्यज्यूहरू,**

स्थानीय तहको पहिलो र दोस्रो निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मताधिकार प्रयोग गरेर हरिहरपुरगढी गाउँपालिकाको रूपरेखा कोर्ने अभिभारा प्रदान गर्नुहुने सम्पूर्ण गाउँबासीज्यूहरूप्रति पुनः कृतज्ञता प्रकट गर्दछु। गाउँपालिकाको सर्वाङ्गीण विकासमार्फत गाउँबासीको हित र कल्याणका लागि गरिएका प्रतिबद्धता तथा वचनबद्धताप्रति हामी कटिबद्ध छौं। गाउँपालिकाको गरिमा र ख्यातिलाई अग्रस्थानमा पुऱ्याउन योगदान दिनुहुने गाउँबासी, जनप्रतिनिधि तथा कर्मचारीहरूको समर्पण, सहयोग र मार्गदर्शनप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

**सभाका सदस्यज्यूहरू,**

प्रचुर सम्भावनाहरूका बीच हाम्रा सामु देहायबमोजिमका विद्यमान चुनौतीहरू रहेका छन्—

१. व्यावसायिक तथा प्राविधिक शिक्षाको विकास गर्नु।

२. कृषि विकास तथा प्रसारलाई छिटो, प्रभावकारी र व्यवस्थित बनाउनु।

३. गुणस्तरीय बीउबिजन तथा मलखाद समयमै उपलब्ध गराउनु।

४. युवा जनशक्तिलाई कृषि व्यवसायप्रति आकर्षित गर्नु।

५. व्यावसायिक कृषकहरूको संख्या वृद्धि गर्नु।

६. वैदेशिक रोजगारीबाट फर्किएका सीपयुक्त युवाको सीप, अनुभव तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

७. निर्माण भएका पूर्वाधारहरूको नियमित मर्मत-सम्भार प्रणालीको विकास गर्नु।

८. सडक लगायतका पूर्वाधारहरूको उपयोग, डिजाइन तथा ड्रइङ स्वीकृत नगरी गरिने सडक तथा अन्य पूर्वाधार निर्माण कार्यलाई नियन्त्रण गर्नु।

९. भिरालो भूभाग, बाढी, पहिरो, डुबान तथा अन्य प्राकृतिक प्रकोपको उच्च जोखिम भएका क्षेत्रमा भवन निर्माण कार्यलाई नियन्त्रण गर्नु।

१०. अव्यवस्थित बस्ती विस्तारलाई रोक्दै योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्नु।

११. वैज्ञानिक, जलवायु उत्थानशील, व्यवहारिक तथा उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्नु।

१२. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी, गुणस्तरीय तथा व्यवस्थित सेवा सुनिश्चित गर्नु।

१३. प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) को मापदण्डविपरीत हुने अत्यधिक दोहन नियन्त्रण गर्नु।

१४. विभिन्न अवधिमा गाउँपालिकाभित्र निर्माण भएका पूर्वाधार संरचनाहरू जुन हाम्रा पूँजीगत सम्पत्ति हुन् तिनको अभिलेख तयार गर्ने, मूल्याङ्कन गर्ने तथा प्रभावकारी उपयोगका लागि सम्पत्ति व्यवस्थापन योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु।

सभाका सदस्यज्यूहरु,

अब म यस सम्मानित गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि यस कार्यकाल सम्म आइपुग्दा यो गाउँपालिकाको समग्र क्षेत्रमा भएका बिकासका प्रमुख उपलब्धिहरूको समीक्षा गर्न चाहन्छु ।

प्रमुख उपलब्धिहरू

१. कृषि विकास :
- "**हरिहरपुरगढीको शानः परिश्रमी किसान**" भन्ने निति बमोजिम पालिका परिसरमा उत्पादन गरिएको रामपुर हाईब्रीड-१० जातको मकैको बीउ वितरण गरि कृषकहरुले उत्पादन वृद्धि गरिएको ।
- "**स्वस्थ माटो, स्वच्छ बाली अभियान**" का साथ माटो स्वास्थ्य सुधार कार्यक्रम अन्तरगत धान खेतीमा रासायनिक मलको बढ्दो प्रयोग भई खेतबारीको स्वास्थ्य बिग्रिरहेको अवस्थालाई सुधार गर्न तथा देशभर नै हाल मलको उपलब्धता नहुने समस्यालाई न्यूनिकरण गर्न हरियो मल ढैंचाको बीउ वितरण गर्ने कार्य सम्पन्न भएको।

- **"जसले गर्छ उत्पादन: उसैलाई प्रोत्साहन"** गर्ने निति बमोजिम उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम मार्फत पाईलट प्रोजेक्टको रुपमा तरबुजा उत्पादन गर्ने कृषकलाई बिक्रि गरेबापत प्रति केजी रु. ५ र दुग्ध सहकारी संस्थामा चालु आ.व. २०८२/०८३ मा दुध बिक्रि वितरण गर्ने ४६ जना कृषकलाई प्रति लिटर रु. ५ का दरले प्रोत्साहन गरिएको छ।
- किसान सूचिकरण कार्यक्रम अन्तरगत कृषि सेवाको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले २००० भन्दा बढी कृषकहरुको विवरण संकलन गर्ने कार्य सम्पन्न भई अन्य कृषकहरुको विवरण संकलन भइरहेको।
- कृषि, पशुपञ्छी तथा मत्स्य तथ्यांकको यथार्थपरक विवरण प्राप्त गरि तिनै तहको सरकारको निति तथा कार्यक्रममा कृषकको पहुँच अभिवृद्दि गर्न कृषि, पशुपञ्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रमको पहिलो चरणको लिस्टिङ गर्ने कार्य सम्पन्न गरिएको ।
- बालीमा लाग्ने रोग किराको न्यूनिकरणका लागि कृषकहरुलाई **"विषादीः औषधी होईन, विष नै हो"** भन्ने जनचेतना वृद्धि गराउन मोहनी पासो, चिपचिपे पासो र जैविक विषादीहरु जस्ता बाली संरक्षणका नविनतम् प्रविधिहरु हस्तान्तरण गर्ने काम गरिएको छ।
- स्थानीय स्तरमा उत्पादन हुन सक्ने तरकारी, फलफूल खेती व्यवसायलाई आधुनिकीकरण तथा वैज्ञानिकिरण गर्दै उत्पादनमा जोड दिई बजार व्यवस्थापनको लागि जिल्ला तथा प्रदेशस्तरीय बजार सम्म पहुँच गराउन सफल भएको ।
- पालिका परिसरमा रहेको जमिनलाई प्रयोग गरि २ वटा ग्रीन हाउसको निर्माण साथै कृषकहरुको लागि डेमो प्लट र अनुसन्धानात्मक कार्य गर्न जोड दिएको ।
- बागमती प्रदेश सरकार र हरिहरपुरगढी गाउँपालिकाको साझेदारीमा नव प्रवर्द्धन साझेदारी कोष कार्यक्रम सञ्चालन गरि दूध तथा दुग्धजन्य पदार्थको उत्पादन बिक्रि वितरणको लागि दुई वटा दुग्ध सहकारी स्थापना गरिएको ।
- दुग्ध सहकारीको सञ्चालनको लागि चिस्यान केन्द्र लगायत आवश्यक सामाग्रीहरु हस्तान्तरण गरिएको ।
- गाउँपालिका भित्र उत्पादन हुने तरकारी तथा अन्य फलफुलको व्यवस्थापनको लागि १ वटा कोल्ड स्टोरको निर्माण गरिएको ।
- उन्नत जातको आलुको बीउ र धानको बीउ वितरण गरिएको ।
- उत्पादित बस्तुको बजार व्यवस्थापनको लागि १ वटा कृषि उपज संकलन केन्द्रको निर्माण गरिएको ।

- खेर गई रहेको बगरको समुचित प्रयोग गर्दै जिल्लामै पहिलो पटक बगरमा तरबुजा खेती कार्यक्रम सुरुवात गरि तरबुजाको उत्पादन तथा राष्ट्रियस्तरको बजारमा बिक्रि वितरण गर्रिंदै आएको।
- दुग्ध सहकारी मार्फत दुग्ध उत्पादक १२० जना कृषकहरुलाई रु ५० हजारका दरले सहुलियत कर्जा उपलब्ध गराईएको ।
- जिल्लाकै विशेष उत्पादनको रुपमा कफि खेतीको सुरुवात गर्दै कफि खेती प्रवर्द्धनलाई अघि सारिएको ।

२. पशुपंक्षी विकास :

- पशु स्वास्थ्य शिविर कार्यक्रममार्फत हरिहरपुरगढी गाउँपालिकाका वडा नं. १ देखि ८ सम्मका पशु वस्तुहरूलाई घरदैलो तथा शिविर मार्फत निःशुल्क स्वास्थ्य परीक्षण, रोग पहिचान, उपचार, औषधी वितरण तथा प्राविधिक परामर्श सेवा प्रदान गरिएको।
- पशुपालन लाई प्रवर्द्र गर्नको लागि बाख्रा पकेट विकास कार्यक्रम मार्फत कुखुरा बाख्रा पालन लाई प्रोत्साहन गरिएको ।
- पशु पालन लाई व्यवस्थि तथा आधुनिकिकरण गर्नको लागि कृषकहरूलाई नेपियर तथा वरसिम घाँसको बीउ तथा बिरुवा वितरण गरिएको ।
- निःशुल्क पशु औषधि वितरण कार्यक्रममार्फत गाउँपालिकाका वडा नं. १ देखि ८ सम्म वडा सम्मका पशु वस्तुहरूलाई आवश्यक औषधि वितरण गरी पशु स्वास्थ्य सेवा प्रदान भएको।
- पशु खोप कार्यक्रम सञ्चालन गरि पशु वस्तुमा लाग्ने संक्रामक रोग विरुद्ध PPR तथा लम्पी स्किन खोप सेवा सम्पन्न भएको ।
- कृत्रिम गर्भाधान मिसन कार्यक्रम मार्फत गाउँपालिकामा गाई तथा भैंसीमा प्रजनन सुधार सेवा प्रदान भएको।
- निःशुल्क पशु औषधि वितरण कार्यक्रममार्फत गाउँपालिका भित्रका कृषकहरुलाई आवश्यक औषधि वितरण गरी स्वास्थ्य सेवा प्रदान भएको।
- बाख्रा प्रवर्द्धन कार्यक्रम र बाख्रा पकेट विकास कार्यक्रम मार्फत गोठ निर्माण र उन्नत जातका बाख्रा तथा बोयर बोका वितरण गरी नस्ल सुधार गर्ने कार्य गरिएको ।
- कृषि व्यवसायिक प्रवर्द्धन दुग्ध कार्यक्रम सञ्चालन गरि ५० प्रतिशत अनुदानमा नश्ल सुधार तथा दुध उत्पादन वृद्धि गर्नको लागि जर्सी र होलिस्टेन जातका गाई किसानहरुलाई वितरण भएको I
- रोग निदानका तथा नियन्त्रणको लागि पशु वस्तुको रगत संकलन गरि नमुना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर पठाइ जटिल रोग देखिएका पशुपंक्षीको उपचार गरिएको ।

- सन् २०३० सम्ममा रेविज रोग नियन्त्रण गर्ने राष्ट्रिय लक्ष्य अनुरुप छाडा सामुदायिक कुकुरहरूमा खोप सेवा संचालन गरी रेविज रोग नियन्त्रण गरिएको ।
- रेबिज रोग नियन्त्रणको लागि छाडा कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिएको ।
- पशु स्वास्थ्य तथा बाँझोपन शिविर सञ्चालनमार्फत पशुहरूको स्वास्थ्य परीक्षण, रोग पहिचान, उपचार, औषधि वितरण तथा प्राविधिक परामर्श सेवा प्रदान गरिएको।
- खोरेत (FMD) रोग नियन्त्रण कार्यक्रम प्रभावकारी बनाउन डिजिटल प्रणालीमार्फत पशु तथ्याङ्क दर्ता गरी पशुहरूमा FMD खोप कार्यक्रम सञ्चालन भईरहेको ।

३. शिक्षा क्षेत्र :

- कुल बजेटको करिब २० प्रतिशत भन्दा बढी शिक्षा क्षेत्रमा विनियोजन गरिएको।
- विद्यालय तहको परीक्षा प्रणालीलाई थप व्यवस्थित, वस्तुनिष्ठ र विश्वसनीय बनाउन परीक्षा सञ्चालन तथा मूल्याङ्कन प्रक्रियामा आवश्यक सुधारका कार्यक्रमहरू संचालन गरिएका ।
- सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै प्रत्येक वर्ष विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा निरन्तर वृद्धि हासिल गरिएको।
- प्राथमिक तहमा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन ४२ वटा स्थायी शिक्षक दरबन्दी थप गरिनुका साथै निम्न माध्यमिक तथा माध्यमिक तहमा गुणस्तरीय र विषयगत शिक्षणको सुनिश्चितताका लागि संघीय अनुदानतर्फ क्रमशः ४ र १४ गरी कुल ६० वटा शिक्षक दरबन्दी थप गरिएको छ । यसबाट विद्यालयहरूमा शिक्षक अभाव न्यूनीकरण भई शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुगेको छ।
- माध्यमिक तहको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रदेश अनुदानतर्फ थप ३ वटा शिक्षक दरबन्दी व्यवस्थापन गरिएको छ।
- शैक्षिक पूर्वाधार सुदृढीकरण गर्ने उद्देश्यले हरिहरपुर माध्यमिक विद्यालय, घण्टेमा २ कोठे ट्रस्ट भवन, जनहित माध्यमिक विद्यालय, बोटेनीमा २ कोठे भवन निर्माण, जनकल्याण प्राथमिक विद्यालय सानोधुम्मे, सरस्वती शिशु प्राथमिक विद्यालय जमुने, प्राथमिक विद्यालय राँगेदोभान, ब्रम्हेश्वरी प्राथमिक विद्यालय केवलचुली, धनेश्वर प्राथमिक विद्यालय ढाँडखोला, माध्यमिक विद्यालय कर्मीडाँडा चिसापानी, जनप्रगति प्राथमिक विद्यालय बसेरी, बालकल्याण प्राथमिक विद्यालय धनमनाखोला, कुशेश्वर आधारभूत विद्यालय कुशदमार, जनज्योति प्राथमिक विद्यालय चिसापानी, जीवन ज्योति प्राथमिक विद्यालय जितपुरडाँडा, कालिका प्राथमिक विद्यालय कोक्टी, सम्झना प्राथमिक विद्यालय गुर्जीडाँडामा ४ कोठे पक्की भवन निर्माण सम्पन्न गरीएको छ। त्यसैगरी जनप्रभात निम्न माध्यमिक विद्यालय, चैनपुर र भानुभक्त माध्यमिक विद्यालय, तिनकुनामा ६ कोठे विद्यालय भवन निर्माण सम्पन्न भएका छन् । जनता माध्यमिक

विद्यालय, बखफरमा गाउँपालिकाको समन्वय तथा एडीबीको सहयोगमा १६ कोठे आधुनिक विद्यालय भवन निर्माण सम्पन्न गरिएको छ। उक्त भवनहरुको निर्माणबाट विद्यालयका भौतिक पूर्वाधार सुदृढ हुनुका साथै सुरक्षित, व्यवस्थित, विद्यार्थीमैत्री तथा गुणस्तरीय शिक्षण—सिकाइ वातावरण सुनिश्चित भएको छ।

- गाउँपालिका भित्रका ५२ वटै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि (ICT) र आवश्यक फर्निचर व्यवस्थापन कार्य प्रारम्भ गरिएको छ। यसबाट सामुदायिक विद्यालयहरूमा हस्तलिखित अभिलेख प्रणालीको अन्त्य गरी प्रविधिमैत्री शैक्षिक प्रशासनको विकास गरिनेछ।
- गाउँपालिकाको समन्वय तथा सिड्स नेपालअन्तर्गत कोपिला परियोजनाको सहकार्यमा ५२ वटै विद्यालयमा बालविकासदेखि कक्षा ५ सम्म गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ।
- माध्यमिक तह सञ्चालन भएका विद्यालयहरूमा प्रारम्भिक कक्षादेखि अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्ने व्यवस्था प्रारम्भ गरिएको छ।
- गाउँपालिकाको लगानीमा दुई वटा आवासीय विद्यालय स्थापना गरिएको छ। यसबाट दुर्गम तथा शैक्षिक रूपमा पछाडि परेको क्षेत्रका विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षामा सहज पहुँच सुनिश्चित हुनुका साथै अनुशासित, प्रतिस्पर्धी र उपलब्धिमूलक शैक्षिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको छ।
- शैक्षिक सुधार तथा विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिका लागि निम्न माध्यमिक र माध्यमिक तह सञ्चालन भएका विद्यालयहरूमा अतिरिक्त कक्षा सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।
- कक्षा ८ र १० मा उत्कृष्ट नतिजा हासिल गर्ने छात्रछात्रा तथा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालयलाई पुरस्कार तथा सम्मान प्रदान गर्ने कार्यक्रम प्रारम्भ गरिएको छ।
- शैक्षिक गुणस्तर सुधारमा उत्कृष्ट योगदान पुऱ्याउने शिक्षक तथा प्रधानाध्यापकलाई प्रोत्साहनस्वरूप पुरस्कार तथा सम्मान प्रदान गर्ने व्यवस्था गरिएको छ।
- सामुदायिक सिकाइकेन्द्र मार्फत २० जनाले १५ दिने सरफ बनाउने तालिम, १५ जनाले १५ दिने ब्यूटीपार्लर सम्वन्धी तालिम र १५ जनाले १ महिने सिलाई-कटाई तालिम लिई रोजगारी सिर्जना तथा जिविकोपार्जनमा टेवा पुगेको ।
- विद्यालय स्तरदेखि नै विद्यार्थीहरुमा खेलकुद प्रति रुची जगाउन स्थानीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा हुने सहभागितालाई निरन्तरता दिइएको ।
- **स्वास्थ्यको लागि खेलकुद : राष्ट्रको लागि खेलकुद** भन्ने नाराका साथ छैटौ अध्यक्षकप फुटवल प्रतियोगिता-२०८२ सम्पन्न गरिएको ।

४. स्वास्थ्य क्षेत्र :

- भौगोलिक रूपमा विकट तथा छरिएर रहेका बस्तीहरूमा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न ४ वटा स्वास्थ्य चौकी र ९ वटा आधारभूत/सामुदायिक स्वास्थ्य इकाई गरी जम्मा १३ वटा स्वास्थ्य संस्थामार्फत नियमित स्वास्थ्य सेवा प्रवाह गरिएको।
- गाउँपालिकाको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै महेन्द्रझ्याडी स्वास्थ्य चौकी र क्यानेश्वर स्वास्थ्य चौकीमा मेडिकल अधिकृतको व्यवस्था गरी गाउँमै चिकित्सकसहितको स्वास्थ्य सेवा उपलब्ध गराइएको।
- महेन्द्रझ्याडी र क्यानेश्वर स्वास्थ्य चौकीमा गर्भवती महिलाका लागि शतप्रतिशत छुट तथा अन्य सेवाग्राहीका लागि समेत सहुलियत दरमा प्रयोगशाला (ल्याब) सेवा सञ्चालन गरिएको।
- आकस्मिक स्वास्थ्य सेवाको पहुँचलाई थप प्रभावकारी, छिटोछरितो र नागरिकमैत्री बनाउन गाउँपालिकाको लगानीमा २ वटा एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइएको, जसबाट विशेष गरी गर्भवती महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा आकस्मिक बिरामीहरूको समयमै उपचार सेवामा पहुँच सुनिश्चित भएको छ।
- १६ वटा गाउँघर क्लिनिकमार्फत प्राथमिक उपचार, गर्भवती जाँच, परिवार नियोजन तथा मानसिक स्वास्थ्य परामर्श सेवा नियमित रूपमा समुदायस्तरमै उपलब्ध गराइएको ।
- २१ वटा खोप केन्द्रमार्फत प्रभावकारी खोप सेवा सञ्चालन गरी नियमित खोपतर्फ ९८ प्रतिशत उपलब्धि हासिल गरिएको तथा जिल्लाभर प्रथम स्थान प्राप्त गर्न सफलता हासिल गरिएको।
- गाउँपालिकाअन्तर्गतका ४ वटै स्वास्थ्य चौकीबाट गर्भवती महिलाका लागि ग्रामीण भिडियो एक्स—रे (Ultrasound) सेवा सञ्चालन गरिएको तथा समय—समयमा एकीकृत स्वास्थ्य सेवा शिविरसमेत सञ्चालन गरिएको ।
- महेन्द्रझ्याडी स्वास्थ्य चौकीमा सहुलियत दरको सामुदायिक औषधि पसल सञ्चालनमा ल्याई निःशुल्क उपलब्ध नहुने औषधिहरू समेत सर्वसुलभ रूपमा उपलब्ध गराइएको तथा क्यानेश्वर स्वास्थ्य चौकीमा समेत यस्तै सेवा विस्तार गर्ने कार्य अन्तिम चरणमा पुगेको ।
- संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्न गर्भवती महिलाका लागि ५० प्रतिशत तथा सुत्केरी सेवाका लागि आउने महिलाहरूलाई शतप्रतिशत निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमसँगै गाउँ—गाउँमा मेडिकल अधिकृतसहितको स्वास्थ्य टोली परिचालन गरी स्वास्थ्य परीक्षण तथा निःशुल्क औषधि वितरण कार्यक्रम नियमित रूपमा सञ्चालन गरिएको।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य संस्था वा अस्पतालसम्म पुग्न सहजता प्रदान गर्न वर्षमा एक पटक शतप्रतिशत निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको।

- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल अभिवृद्धि तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन संघीय सरकारबाट उपलब्ध सुविधाका अतिरिक्त गाउँपालिकाबाट मासिक रु. १,५०० का दरले यातायात खर्च व्यवस्था गरिएको।
- न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) मूल्याङ्कनका आधारमा वडा नं. ४ स्थित महेन्द्रझ्याडी स्वास्थ्य चौकी जिल्लाका ९ वटा स्थानीय तहमध्ये प्रथम स्थान हासिल गर्न सफल भएको।
- महेन्द्रझ्याडी स्वास्थ्य चौकीमा एक्स—रे सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा उपकरण व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको।
- स्वास्थ्य चौकीबाटै पोस्टमार्टम सेवा सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको, जसबाट स्थानीय नागरिकलाई सहज र छिटो सेवा उपलब्ध हुने अपेक्षा गरिएको।
- प्रसूति घरभेट कार्यक्रममार्फत सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्य जोखिम न्यूनीकरण गर्न स्वास्थ्यकर्मीलाई घर—घरमा परिचालन गर्ने व्यवस्था कार्यान्वयन गरिएको।
- जनस्वास्थ्यमा मानसिक स्वास्थ्यको महत्वलाई आत्मसात् गर्दै टीपीओ नेपालसँगको सहकार्यमा मनोविमर्शकर्ता नियुक्त गरी मानसिक स्वास्थ्य परामर्श सेवा सञ्चालन गरिएको।
- निःशुल्क आँखा शिविर संचालन गरी ६२ जना आँखाका बिरामीहरूको सफल शल्यक्रिया गरिएको तथा १,२०० भन्दा बढी नागरिकलाई प्रत्यक्ष स्वास्थ्य सेवा प्रदान गरिएको ।
- विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकलाई लक्षित गरी समय—समयमा विशेषज्ञ चिकित्सकसहितका निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै गुणस्तरीय स्वास्थ्य सेवा गाउँस्तरमै उपलब्ध गराइएको।
- "स्वस्थ नागरिक, समृद्ध गाउँपालिका" को अवधारणालाई मूर्त रूप दिन गाउँपालिकाले आधारभूतदेखि विशेषज्ञस्तरसम्मका स्वास्थ्य सेवाहरूको पहुँच विस्तार गर्दै गुणस्तरीय, सर्वसुलभ र नागरिकमैत्री स्वास्थ्य प्रणाली विकासमा उल्लेखनीय प्रगति हासिल गरेको।

५. भौतिक पूर्वाधार विकास

- निर्माण कार्यको गुणस्तर, प्रभावकारी अनुगमन तथा समयमै कार्यसम्पादन सुनिश्चित गर्ने उद्देश्यले "एक वडा, एक प्राविधिक" अवधारणाअनुसार प्रत्येक वडामा प्राविधिक जनशक्तिको व्यवस्था गरिएको, जसबाट योजना तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण तथा पूर्वाधार विकासका कार्यहरूलाई थप व्यवस्थित, पारदर्शी र गुणस्तरीय बनाइएको छ।
- १५ शैयाको आधारभूत अस्पताल निर्माण कार्यमा करिब ६० प्रतिशत भौतिक प्रगति हासिल भएको छ। निर्माण कम्पनीको ढिलासुस्तीका कारण निर्माण कार्य अझै सम्पन्न हुन सकेको छैन।

- १ वटा इकाई प्रशासनिक भवन, १ वटा अधुरो वडा कार्यालय तथा ३ वटा स्वास्थ्य इकाई भवन निर्माण सम्पन्न/निर्माणाधीन रहेका छन्।
- २ वटा विद्यालयमा दुई कोठे ट्रस भवन, १२ वटा विद्यालयमा चार कोठे पक्की भवन तथा ए.डी.बी को सहायता र गाउँपालिकाको समन्वयमा जनता मा.वि. बखफरमा १६ कोठे अत्याधुनिक नयाँ भवन निर्माण गरिएको छ ।
- १९ वटा विद्यालय भवनको मर्मत, सुधार तथा घेराबेरा निर्माण गरिएको छ।

**सडक पूर्वाधार तर्फ :**

- २० किलोमिटर नयाँ सडक ट्र्याक निर्माण गरिएको छ।
- ४०० मिटर सडक कालोपत्रे गरिएको छ।
- ३.५ किलोमिटर सडक ढलान गरिएको छ।
- ३ किलोमिटर सडक सोलिङ्ग गरिएको छ।
- ५ वटा कल्भर्ट निर्माण गरिएको छ।
- १५१ वटा सडक मर्मत तथा स्तरोन्नतिका कार्यहरू सम्पन्न गरिएको छ।

**सिंचाइ क्षेत्र :**

- ४८ वटा पोखरी निर्माण तथा मर्मत गरिएको छ।
- २९ वटा कुलो निर्माण तथा मर्मत गरिएको छ।
- ४ वटा लिफ्ट सिंचाइ आयोजना सञ्चालनमा ल्याइएको छ।

**खानेपानी तथा सरसफाइ :**

- ५४ वटा कुवा, ट्यांकी तथा धारा निर्माण गरिएको छ।
- ६८ वटा इनार निर्माण गरिएको छ।
- ४ वटा लिफ्ट खानेपानी आयोजना सञ्चालन गरिएको छ।

**अन्य पूर्वाधार निर्माणः**

- ७७ वटा नदी नियन्त्रण तथा तटबन्ध निर्माण कार्य सम्पन्न गरिएको छ।
- ४ वटा सामुदायिक भवन, सहकारी भवन तथा कृषि संकलन केन्द्र भवन निर्माण गरिएको छ।
- धार्मिक तथा सांस्कृतिक संरचनाअन्तर्गत ४ वटा गुम्बा, ७ वटा चर्च/सत्सङ्ग भवन तथा ५ वटा मन्दिर निर्माण/स्तरोन्नति गरिएको छ।
- २० वटा प्रतिक्षालय निर्माण गरिएको छ।
- ३ वटा खेलमैदान तथा १ वटा रंगशाला निर्माण/स्तरोन्नति गरिएको छ।
- कृषि उत्पादन वृद्धि तथा सिंचाइ व्यवस्थापनका लागि रु. १ करोड ६८ लाख ५० हजार बराबरका इलेक्ट्रिक मोटर, पम्प तथा एचडिपिई पाइप वितरण गरिएको छ।

- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) सामग्री र फर्निचर व्यवस्थापनका लागि रु. १ करोड ६५ लाख विनियोजन तथा खर्च गरिएको छ।

६. भूमि प्रशासन :

- वडा नं १ देखि ८ सम्म २८ भूमिहीन दलित, २२४ भूमिहीन सुकुम्वासी तथा ५२४० अब्यवस्थित बसोवासीको लगत संकलन गर्ने कार्य सम्पन्न भएको छ ।
- भूमी आयोगको अनौपचारिक भू-सम्बन्धी सूचना प्रणाली (NELCIS) मा ८ वटै वडाका ४८३८ निवेदन प्रविष्ट भइसकेका छन् भने केहि भूमिहिन सुकुम्वासी र अव्यबस्थित बसोबासीहरुको निवेदन फारम प्रविष्ट गर्ने कार्य भई रहेको छ । उक्त सूचना प्रणालीमा प्रविष्ट भएका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुलाई निवेदन दर्ता तथा नाप नक्साको निस्सा कार्ड वितरण गरिएको छ भने केहिको निवेदन दर्ता तथा नाप नक्साको निस्सा कार्ड वितरण गर्न बाँकी रहेको छ ।
- हरिहरपुरगढी गाउँपालिकामा रहेका भूमिहिन दलित ५ र भूमिहन सुकुम्वासी १२ परिवारलाई जग्गाधनि प्रमाण (लाल पुर्जा) पुर्जाको वितरण गरिएको छ भने वडा नं. ३ गुर्जि टोलमा बस्ने ७० जना अव्यवस्थित बसोबासीहरु लाई जग्गाधनि प्रमाण पुर्जा (लाल पुर्जा) वितरण गर्नका लागी वडा तथा गाउँपालिका स्तरबाट गरिने सम्पुर्ण प्रक्रियाहरु पुरा गरी तत्कालीन राष्ट्रिय भूमि आयोग जिल्ला समिती सिन्धुली लाई पेश गरिएको छ ।
- वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूको नाममा दर्ता कायम रहेका कित्ता जग्गाहरूको फिल्ड रेखाङ्कन गरी चारकिल्ला एकिन गर्ने कार्य सम्पन्न गरिएको छ।
- भूमि वर्गीकरण तथा भू-उपयोग नीति कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ।

८. महिला, बालबालिका तथा जेष्ठ नागरिकः

- गृहणी महिला शसक्तिकरण कार्यक्रम सिप विकास तालिम सिलाई कटाई र सालको पातको टपरि वुन्ने मेसिन बितरण गरिएको । मौरीपालन सम्बन्धी तालिम र बीउ पुँजी परिचालन गरि व्यवसायीक रुपमा अगाडी बढाईएको ।
- अपाङ्गता भएमा व्यक्तिहरुलाई उपचारात्मक शल्यकृया गरि पुर्नस्थापन गरिएको ।
- लैङ्गिक हिंसा, घरेलु हिसा, वाल विबाह र वालमैत्री वडा घोषणा लागी सूचकहरु तयार गरि मुल्याङ्कन गरिएको।

- बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तरगत सुनौला हजार दिनका आमाहरुलाई आयआर्जन सम्बन्धि अनुदान वितरण गरिएको। एक घर एक करेसाबारी अभियान संचालनका लागी सुनौला हजार दिनका आमाहरुलाई तरकारीको विउ विजन वितरण गरिएको ।
- मागमा आधारित अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता पहिचान गरि सामग्री वितरण गरिएको।
- हरिहरपुरगढी गाउँपालिका लाई कुपोषण मुक्त पालिका घोषणाको लागी कुपोषित वालवालिका लाई पुनस्थापना केन्द्र हेटौडा रिफर गरिएको ।
- पोषण मैत्री स्थानीय तह वालमैत्री स्थानीय तह घोषणा लागी वडा नं ४ र २ छनौट गरिएको।

८. सुशासन, रोजगार, सीप, उद्यमशीलता तथा न्याय क्षेत्रका प्रमुख उपलब्धिहरूः

क. कानुन निर्माण तथा संस्थागत सुदृढीकरण-

- संघीयता कार्यान्वयनलाई सहयोग पुऱ्याउन आ.व. २०८२/०८३ सम्ममा ऐन ३५, नियमावली ८, कार्यविधि ६८, निर्देशिका ५, मापदण्ड ३, नीति १, रणनीति २ र पञ्चवर्षिय योजना १ निर्माण भएका छन् ।
- न्याय सम्पादन तथा विवाद निरुपण तर्फ हालसम्म ३६ वटा विवाद दर्ता भएकोमा ३३ वटा फर्योट भई ३ वटा उजुरी फस्यौंटको प्रकृयामा रहेका छन् ।
- २८ वटा खानेपानी तथा उपभोक्ता समिति तथा २ वटा सिंचाई उपभोक्ता समिति गरी ३० वटा उपभोक्ता समितिहरु दर्ता भएका छन् ।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा सडक गुरुयोजना अद्यावधिक गर्ने कार्य अगाडि बढाइएको छ।
- वैज्ञानिक फाइलिङ प्रणाली तथा सूचना व्यवस्थापनमार्फत अभिलेख व्यवस्थापनमा सुधार गरिएको छ।

ख. सेवा प्रवाह तथा प्रशासनिक सुधार-

- योग्यता, निष्पक्षता तथा पारदर्शितामा आधारित कर्मचारी छनोट प्रक्रिया अवलम्बन गरिएको छ।
- सूचना प्रविधि अधिकृत, कम्प्युटर अपरेटर लगायतका जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ।
- मासिक, त्रैमासिक, अर्ध-वार्षिक तथा वार्षिक समीक्षा प्रणाली कार्यान्वयन गरिएको छ।

## ग. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (रोजगार, शिप तथा उद्यमशिलता केन्द्र)

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत १४ वटा आयोजना सञ्चालन गरिएको छ।
- ८४ जना सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारी प्रदान गरिएको छ।
- रोजगार कार्यक्रमको बजेटमध्ये ५० प्रतिशत रकम प्रत्यक्ष पारिश्रमिकमा खर्च गरिएको छ।
- श्रमको सम्मान सम्बन्धी जनचेतनामूलक कार्यक्रम सबै वडामा सञ्चालन गरिएको छ।
- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीहरुलाई उद्यमशिलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ।
- FEWMIS, श्रम संसार, EMIS सेवा सञ्चालनमा रहेको छ।
- वैदेशिक रोजगारसम्बन्धी परामर्श तथा सेवा स्थानीय स्तरमै उपलब्ध गराउने तयारी गरिएको छ।
- विभिन्न संघसंस्थासँग सहकार्य गरी निःशुल्क सीपमूलक तालिम सञ्चालन गरिएको छ।
- रोजगार रणनीति निर्माण तथा रोजगार संवाद मञ्च सञ्चालन गरिएको छ।
- स्थानीय दक्ष जनशक्ति उत्पादन, आन्तरिक रोजगारी तथा स्वरोजगार प्रवर्द्धनमा जोड दिइएको छ।
- पुन श्रम स्वीकृति सहजिकरण तथा रिसेटको कार्य संचालनमा रहेको छ ।
- "रोजगार, शिप तथा उद्यमशिलता सम्वन्धी एकीकृत सेवा प्रवाह कार्यविधि-२०८३" अनुसार रोजगार, शिप तथा उद्यमशिलता केन्द्र संचालनमा रहेको छ ।

## घ. लघु उद्यम विकास

- लघु उद्यम विकास कार्यक्रम अर्न्तरगत नयाँ उद्यमी सिर्जना गर्न उद्यमशिलता विकास तालिम, बजार, प्रविधि, लगानी, तथा मागमा आधारित रहेर पशुपालन व्यवसाय सम्बन्धि प्राविधिक सिप विकास तालिम, प्रदान गरिएको।
- सिप विकास तालिम प्राप्त गरेको नयाँ उद्यमीहरुलाई मागमा आधारित उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिएको।
- तरकारी खेती ब्यवसाय संचालन गर्ने पुराना उद्यमीहरुलाई स्तरोन्नतिका लागि मागमा आधारित प्लाष्टिक टनेल बितरण गरिएको ।
- बाँसजन्य हस्तकाला सम्वन्धी सामग्री निर्माण गर्ने उद्यमीहरुलाई मागमा आधारित समूहमा प्रविधि हस्तान्तरण गरिएको ।

- आर्थिक रुपमा विपन्न समुदायको आय आर्जनमा वृद्धि विकास तथा दिगो रोजगारी सिर्जना गर्न गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरी करिब ३०० जना कृषकहरुलाई तरकारी खेति, ३० जना उद्यमीहरुलाई बेदबाँसजन्य हस्तकला निर्माण सम्बन्धी तालिम १५ जनालाई व्यूटी पार्लर र ९० जना कृषकहरुलाई पशुपालन सम्बन्धि प्राविधिक सिप विकास तालिम प्रदान गरि उद्यमी बन्नका लागि आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण र बजारीकरणमा सहयोग प्रदान गरिएको ।
- स्थानीय वस्तुको बिक्रि वितरण तथा बजारीकरणलाई मध्यनजर गर्दै १ वटा साझा सुविधा केन्द्रको स्थापना गरि सञ्चालनमा ल्याईएको ।

ङ. सामाजिक सुरक्षा तथा पञ्जीकरण

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूलाई सहजता होस् भन्ने उद्देश्यले सिटिजन्स ईन्टरनेशनल बैंकसँग समन्वय गरी सबै वडामा गई सामाजिक सुरक्षा भत्ता वितरण तथा ज्येष्ठ नागरिकहरूको निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको छ।
- सामाजिक सुरक्षा वितरणलाई व्यवस्थित बनाउन बायोमेट्रिक भेरिफिकेसन उपकरण (IRIS Device) खरिद तथा वितरण कार्य सम्पन्न गरिएको छ।

बिकासका यी लामा लामा फेहरिस्तहरूले आफैं बोलिरहेका छन्। यी उपलब्धीहरु हाम्रा चार वर्षे यात्राका पसिना, सङ्घर्ष, समर्पण र जनविश्वासका आधारशीला हुन्। यदि जनप्रतिनिधिहरूको मनमा विकासको हुटहुटी नजागेको भए, यदि कर्मचारीहरुले अहोरात्र खटिएर जनताको सेवामा समर्पित नभएको भए, यदि नागरिकहरूले साथ, विश्वास र धैर्यता नदिएका भए, आज हामी यहाँ उभिएर यस्ता उपलब्धिहरूको चर्चा गर्न सक्ने अवस्थामा पुग्ने थिएनौं। यो त हामी सम्पूर्ण हरिहरपुरगढीवासीको साझा सपना, साझा मेहनत र साझा गौरवको परिणाम हो।

धमिलो पानीमा माछा मार्न नखोजिएको हैन, हामीमा अनेक लाञ्छाना र मुद्दा लगाउने प्रयत्न नभएका पनि हैनन् तर कर्तब्य पथमा रत्तिभर बिचलित नभई चट्टान झै अडिग भएर हामी बिकासको यात्रामा निरन्तर अगाडी बढिह्यौ । आज हामीले सार्वजनिक गरेका यी उपलब्धिहरू हाम्रो कार्यकालभरिको मेहनत, प्रतिबद्धता र जनताको विश्वासका प्रतिफल हुन्। हामीले विकासका थुप्रै आधारशिला निर्माण गर्दै आगामी नेतृत्वका लागि अपेक्षाकृत सहज, सबल र सम्भावनायुक्त वातावरण तयार गरेर जिम्मेवारी हस्तान्तरण गर्ने चरणमा आइपुगेका छौं।

हामी भोलिका दिनमा पदमा रहौं वा नरहौं, तर यी सडकहरूमा हाम्रो सपना जोडिएको छ, यी विद्यालयहरूमा हाम्रो भविष्य जोडिएको छ, यी खानेपानी आयोजना, स्वास्थ्य संस्था र विकासका संरचनाहरूमा हाम्रो माया र जिम्मेवारी जोडिएको छ। त्यसैले यी उपलब्धिहरूको संरक्षण, संवर्द्धन र निरन्तरता दिनु केवल आगामी नेतृत्वको दायित्व मात्र होइन, सम्पूर्ण नागरिकको साझा कर्तव्य पनि हो।

जनप्रतिनिधिका रूपमा हामीले रोपेका विकासका यी बिरुवाहरूलाई अझ स्याहार, संरक्षण र विस्तार गरी विशाल वृक्षमा रूपान्तरण गरिदिनुहुनेछ भन्ने दृढ विश्वासका साथ सम्पूर्ण सरोकारवाला, आगामी नेतृत्व तथा आम नागरिकहरूमा हार्दिक अनुरोध गर्दछौं। हामीले थालेको यात्राभन्दा अझ सुन्दर, अझ समृद्ध र अझ गौरवशाली हरिहरपुरगढी निर्माण होस् भन्ने शुभेच्छासहित आजका यी उपलब्धिहरू जनतासमक्ष समर्पित गर्दछौं।

**सभा सदस्यज्यूहरू,**

अब म आगामी आ. व. २०८३/२०८४ का विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।

१. आर्थिक विकास

क. कृषि विकास

- "**हरिहरपुरगढीको तरबुजा**" लाई ब्रान्डको रुपमा स्थापित गरि खेती गर्न तरबुजा खेति कार्यक्रमलाई निरन्तरता दिई सञ्चालन गरिनेछ । जलवायु परिवर्तनबाट हुने क्षतिलाई न्यूनिकरण गरि उत्पादनको सुधार तथा व्यवस्थापनका लागि आवश्यक प्राविधिक सहयोग तथा सहजीकरण गरिनेछ ।
- **"कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार"** भन्ने अभियानलाई सफल बनाउन माटो परिक्षण गरि उर्वरता सुधारको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाबाट अनुदान प्राप्त गरी सञ्चालनमा रहेका हरिहरपुरगढी दुग्ध सहकारी संस्था तथा क्यानेश्वर दुग्ध सहकारी संस्थाको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रभावकारी नियमन गरिनेछ। प्राप्त अनुदानको उद्देश्यअनुरूप सञ्चालन तथा व्यवस्थापन नभएको, तोकिएका मापदण्ड र सर्तहरूको पालना नगरेको पाइएमा प्रचलित कानुन बमोजिम अनुदान फिर्ता, अनुदान रोक्का तथा अन्य आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

- खाद्य तथा पोषण सुरक्षालाई सुदृढ गर्दै धान उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले सिँचाई सुविधा उपलब्ध क्षेत्रहरूमा चैते धान खेती विस्तार तथा प्रवर्द्धन गरिनेछ ।
- निर्वाहमुखी कृषिलाई आधुनिक र व्यवसायिक बनाउँदै कृषि उपजमा हरिहरपुरगढी गाउँपालिकालाई आत्मनिर्भर तुल्याउन यान्त्रिकीकरण तथा विशिष्टीकरण गरिनेछ ।
- कृषिमा युवालाई आकर्षित गर्न भूमि, कृषि सामग्री, बिमा, खरिद सम्झौता र बजारको बलियो इकोसिस्टम तयार गरिनेछ ।
- विभिन्न बालीमा लाग्ने रोग तथा किराबाट फल, बिरुवा र माटोको संरक्षणका लागि नविनतम् प्रविधिहरु प्रयोगमा ल्याउने नीति अघि सारिनेछ । रासायनिक विषादीलाई निरुत्साहित गर्दै जैविक विषादीको उपयोगलाई प्रोत्साहन गरिनेछ ।
- **"जहाँ उत्पादन, तहाँ अनुदान"** भन्ने नाराका साथ कृषि उत्पादनको वृद्दि तथा दिगोपनाका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम बृहत्त रुपमा सञ्चालन गरिनेछ ।
- कृषि तथा पशु विकास सेवालाई सर्वसुलभ र पारदर्शी बनाउन अनलाईन तथा डिजिटल प्रणाली विकास गरिनेछ ।
- कृषियोग्य भूमिको संरक्षण, बाँझो जमिनको उपयोग, सामूहिक र करार खेतीलाई प्रवर्द्धन गरिनेछ । बढ्दो जलवायु परिवर्तन र जोखिम न्यूनिकरण गर्न भिरालो जमिनमा खेती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाँदरको अतिक्रमणबाट प्रभावित क्षेत्रमा बाँदरले मन नपराउने तर किसानलाई फाइदा हुने कृषि बाली तथा फलफूल खेती प्रवर्द्धन गरिनेछ । फलफूल खेतीलाई विस्तार तथा प्रवर्द्धन गर्नको लागि बिरुवा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्थानीय उत्पादनको प्रवर्द्धनका साथै झनझनेमा कृषि उपज संकलन केन्द्र निर्माण गरि व्यवस्थित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिँदै परिचयपत्रको आधारमा कृषि तथा पशुपञ्छी विकास कार्यक्रम सञ्चालन गर्ने प्रणाली अवलम्बन गरिनेछ ।
- **"कृषक सबैभन्दा अगाडी"** भन्ने मूल नाराका साथ व्यवसायीक कृषकहरुको पहिचान गरि प्रोत्साहन गर्नको लागि अध्यक्ष उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिने छ।
- प्रभावकारी कृषि प्रसार, सूचना प्रविधि र हरेक वडामा विशिष्टकृत उत्पादनका लागि प्रत्येक वडामा प्राविधिकको व्यवस्था मिलाइनेछ । **"कृषि उत्पादनमा वृद्धिः गाउँको समृद्धि"** अवधारणा अनुसार कृषिक्षेत्रको आधुनिकीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ। एक वडा एक विशेष उत्पादनको नीति अगाडी बढाइनेछ ।

- उत्पादित वस्तुको बिक्रि वितरण गर्दा कृषकहरुको लगानी सुरक्षित तथा कृषकहरुलाई खेति प्रति आकर्षित गर्न उत्पादित वस्तुको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने नीति लिईनेछ ।
- कृषकहरुलाई पाईलट प्रोजेक्टको रुपमा उन्नत तथा हाईब्रिड मकैको बीउ उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरि buy back guarantee को अवधारणा अगाडी सारिनेछ ।

ख. पशु विकास

- गाउँपालिका क्षेत्र भित्र पशुपालन व्यवसाय गर्ने कृषक तथा फर्महरुलाई प्राथमिक उपचारका लागि निःशुल्क रुपमा पशु औषधी उपलब्ध गराईनेछ ।
- महामारी तथा विभिन्न कारणले पशुहरुमा लाग्ने आकस्मिक रोगहरुको रोकथाम, नियन्त्रण तथा उपचारको लागि विशेष व्यवस्था गरिनेछ । खोरेत रोग नियन्त्रण कार्यक्रम लागू गरिनेछ ।
- कृषकहरुलाई पशुपालन व्यवसायमा टेवा पुर्याउने उद्देश्यका साथ हिउँदे, वर्षे र बहुबर्षे घाँसहरुको बीउ तथा बेर्नाको उचित व्यवस्था गरिनेछ ।
- हरिहरपुरगढी गाउँपालिकाको प्रत्येक वडाहरुमा पशु सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- बढ्दो रेबिज संक्रमण तथा कुकुर आतंक रोक्नको लागि पालिका भित्र सामुदायिक कुकुर नियन्त्रण गर्न कुकुर बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ ।
- पशु डिस्पेन्सरी ल्याब सञ्चालनको लागि भवन निर्माण गरी पशु उपचार सेवालाई थप प्रभावकारी बनाईनेछ ।
- दूध उत्पादन वृद्धि, पोषण सुधार तथा आयआर्जनमा सहयोग पुऱ्याउन गाई-भैंसी पालनलाई प्रोत्साहन गरिनेछ ।
- उन्नत जातका पशु उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान सेवालाई थप प्रभावकारी र पहुँचयोग्य बनाइनेछ ।
- पशु बीमा र बाली बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ग. उद्योग, पर्यटन र सहकारी

- सहकारीसँग सहकार्य गर्ने मूल उद्देश्यका साथ गाउँपालिका क्षेत्रभित्र स्थापना भएका सबै सहकारी संस्थाहरूको लगत सङ्कलन, अद्यावधिक तथा नवीकरण गर्ने कार्यमा विशेष जोड दिँदै ती सहकारीहरूसँग लागत साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
- गाउँपालिकाभित्र रहेका सहकारी संस्थाहरूको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइनेछ ।
- सहकारी संस्थाहरुको व्यवस्थापनका लागि क्षमता विकास तालिम सञ्चालन गरिने छ ।

- सर्वसाधारणको जनस्वास्थ्यलाई प्रवर्धन गर्न बजार अनुगमन कार्यलाई निरन्तरता दिँदै सबै ब्यापार ब्यवसायलाई दर्ता गरी करको दायरामा ल्याइने छ ।
- हरिहरपुरगढी गाउँपालिकामा बाह्य तथा आन्तरिक पर्यटक लाई भित्र्याउन पर्यटन व्यवसायलाई विशेष प्राथमिकता दिँदै ऐतिहासिक हरिहरपुरगढी किल्ला क्षेत्रमा कृषि पर्यटन र होम-स्टे सञ्चालन तथा प्रवर्द्धन गरिने छ ।
- उद्योग तथा व्यापार व्यवसायहरुलाई व्यवस्थित गर्नको लागि हरिहरपुरगढी उद्योग वाणिज्य शाखासँग समन्वय गरि उद्योगीहरुलाई आवश्यक क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- **"मेकइन हरिहरपुरगढी, मेडइन हरिहरपुरगढी"** लाई प्राथमिकतामा राखी स्थानीय उत्पादनको विकास, विस्तार र प्रवर्द्धन गरिनेछ । स्थानीय रक्सी र औषधी तथा औद्योगिक कच्चा पदार्थको रुपमा प्रयोग गर्न सुरक्षित र व्यवसायिक गाँजा खेतीलाई व्यवस्थित गर्न आवश्यक कानूनी प्रबन्ध गरिनेछ ।
- "सीप सिकौं, आत्मनिर्भर बनौं" भन्ने नारासहित सबै वडामा लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- "आर्थिक समृद्दीको आधार : लगु उद्यम मार्फत रोजगार" भन्ने नाराका साथ स्थानीय स्तरमा रहेको श्रोत साधनको समुचित प्रयोग गर्दै उद्यमशीलता विकास, प्राविधिक सीप विकास तालिम, प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरी दीगो रोजगारी सञ्चालन गरिने छ ।
- लघु, घरेलु तथा साना उद्योगहरुलाई स्तरोन्नती गरिने कार्यक्रम ल्याइने छ ।
- स्थानीय कच्चा पदार्थ तथा प्रविधिमा आधारित आवश्यक सीपको पहिचान तथा विश्लेषण गरिनेछ।
- स्थानीय सीप र स्रोतको उपयोग गरी नयाँ लघुउद्यमी सिर्जना गरिनेछ।
- सञ्चालनमा रहेका उद्यमीहरूका लागि उन्नत सीप तालिम, प्रविधि सहयोग तथा बजारीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- उद्यमशील संस्कार विकास गर्न उद्यमशीलता विकास तालिम सञ्चालन गरिनेछ।
- गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमलाई प्रभावकारी बनाउन उत्पादन तथा व्यवसाय प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. सामाजिक विकास

क. शिक्षा

शिक्षा विकासको समग्र मेरुदण्ड एवं पूर्वाधार हो। शिक्षालाई ज्ञानको मुहान, व्यक्ति, समाज र राष्ट्रको दिगो विकासको सोपानका रूपमा हृदयङ्गम गरी **"शिक्षाको प्रगति, हरिहरपुरगढीको समृद्धि"** नाराका साथ तपशीलका शिक्षा नीति तथा कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

- "हरिहरपुरगढीको इच्छाः अनिवार्य तथा निःशुल्क शिक्षा" भन्ने आदर्शलाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै विद्यालयहरुमा कक्षा ७ देखि हरेक शुक्रबार हाफ टाईम पछी "बुक-फ्री डे" लागू गरी अनिवार्य रुपमा हाजिरीजवाफ तथा विद्यार्थीलाई सीपसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय आवश्यकताको सिद्धान्तअनुसार स्थानीय पाठ्यसामग्री विकास गरी विद्यालयको आवश्यकता र क्षमतालाई मध्यनजर गर्दै निरन्तर कार्यान्वयन गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षाको अपरिहार्य अंगका रूपमा एकीकृत गर्दै विद्यालयमा आधुनिक प्रविधिको पूर्वाधार विकास गरिने र शिक्षण-सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाइनेछ। यसका लागि शिक्षकहरूको सूचना प्रविधिसम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरी आधुनिक प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ।
- साक्षर गाउँपालिका घोषणा गरिने छ । निरक्षर नागरिक तथा बीचमै पढाइ छाडेकाहरूलाई वैकल्पिक शिक्षा तथा निरन्तर शिक्षामार्फत साक्षरता शिक्षा प्रदान गर्न सामुदायिक सिकाइ केन्द्र परिचालन गरिनेछ।
- विद्यालय शिक्षाको परीक्षालाई व्यवस्थित गरी कक्षा ८, १० र १२ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ।
- कक्षा ८ को सार्वजनिक परीक्षा गाउँपालिका स्तरीय बनाइनेछ। परीक्षालाई व्यवस्थित र स्तरीकृत बनाउन परीक्षा केन्द्र तथा केन्द्राध्यक्षको व्यवस्था गरिनुका साथै निःशुल्क परीक्षा दिन पाउने अधिकार सुनिश्चित गरिनेछ।
- तहगत रूपमा न्यूनतम दरबन्दीका आधारमा कम दरबन्दी भएका विद्यालयमा शैक्षिक सुधार कार्यक्रममार्फत विद्यालयहरूलाई दिँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन गर्न शिक्षकहरूका लागि तालिम, सेमिनार तथा गोष्ठी सञ्चालन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ।
- समग्र विद्यालयको गुणस्तर सुधारका लागि गाउँपालिका र प्रधानाध्यापकबीच कार्यसम्पादन सम्झौता गरी प्रधानाध्यापक तथा विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ। साथै

प्रधानाध्यापक र शिक्षकसँग समेत कार्यसम्पादन सम्झौता गरी सोको परीक्षण तथा मूल्याङ्कनका लागि प्र.अ. तथा विद्यालय व्यवस्थापन समिति गोष्ठी सञ्चालन गरिनेछ ।

- विद्यार्थीहरूमा प्रतिस्पर्धात्मक भावना विकास गराउन विद्यालयस्तरीय तथा गाउँपालिकास्तरीय हाजिरीजवाफ खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ।
- विद्यालयको भौतिक, शैक्षिक तथा प्रशासनिक पक्षमा सुधार गर्न शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति तथा जनप्रतिनिधि सहितको सहभागितामूलक अनुगमन नीति अवलम्बन गरिनेछ।
- शैक्षिक तथ्याङ्कलाई एकीकृत रूपमा व्यवस्थित बनाई वार्षिक रूपमा गाउँपालिकास्तरीय शैक्षिक तथ्याङ्क प्रकाशनलाई निरन्तरता दिइनेछ।
- विद्यार्थीहरूलाई संघीयता, सुशासन, स्थानीय सेवा प्रवाह, भ्रष्टाचार निवारण, उपभोक्ता अधिकार, साइबर अपराध, लागू पदार्थ दुर्व्यसन, बालविवाह, लैङ्गिक हिंसा, स्वास्थ्य तथा नैतिक शिक्षा लगायतका विषयमा अभिमुखीकरण गरिनेछ।
- न्यूनतम विद्यार्थी संख्या नभएका विद्यालयहरूको नक्साङ्कन गरी नजिकका विद्यालयमा मर्ज तथा कक्षा समायोजन गरी शिक्षक दरबन्दी मिलान गर्ने नीति लिइनेछ।
- "**सामुदायिक विद्यालयको सुधार, हरिहरपुरगढी सरकारको कार्यभार**" भन्ने नाराका साथ शैक्षिक सुधार तथा गुणस्तर कायम गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा अध्ययनरत विद्यार्थी तथा शिक्षक-कर्मचारीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य संस्थासँग समन्वय गरिनेछ ।
- विद्यार्थीहरूलाई प्रदान गरिने दिवा खाजालाई व्यवस्थित गर्न स्थानीय उत्पादनका खाद्यवस्तुको प्रयोगका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- आवासीय विद्यालयलाई निरन्तरता दिइने छ । यो वर्ष थप १ वटा विद्यालयलाई आवासीय विद्यालयको रुपमा विकास गरिने निति लिईएको छ ।
- शैक्षिक गुणस्तर अभिबृद्धिका लागि दिईंदै आएको अतिरिक्त कक्षा सञ्चालनलाई निरन्तरता दिइने छ ।
- बालविकाश शिक्षक, विद्यालय कर्मचारी, सामुदायिक अध्ययन केन्द्रका कर्मचारी र गाउँपालिकाले दरबन्दी सिर्जना गरिएको प्राथमिक, निम्न माध्यामिक, माध्यामिक दरवन्दीलाई निरन्तरता दिइने छ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिकोलागि अभिभावक सचेतना, शैक्षिक मेला, खेलकुद महोत्सव, शिक्षक तालिम, अतिरिक्त कक्षा सञ्चालन, उपचारात्मक शिक्षण सञ्चालन लगायत अन्य कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरिहरपुरगढी गाउँपालिकाको चैनपुर खेलमैदानको स्तररोन्नती गरिनेछ ।
- खेलकुदलाई व्यवस्थित गर्न प्रशिक्षकका साथै विद्यालय स्तरबाटै खेलाडी उत्पादन गर्नको लागि राष्ट्रपति रनिङशिल्ड, अध्यक्ष कप खेलकुद कार्यक्रम लगायत वडा स्तरीय खेलकुद कार्यक्रम

सञ्चालन गरिनेछ । खेलाडी तथा हरिहरपुरगढी गाउँपालिका भित्र क्रियाशिल रहेका खेलकुद संघसंस्थाको अभिलेखिकरण गरिनेछ ।

ख. स्वास्थ्य

- नागरिकको संवैधानिक स्वास्थ्य सम्बन्धी मौलिक हक तथा आधारभूत एवं आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न प्रतिकारात्मक र उपचारात्मक सेवाका साथै प्रवर्द्धनात्मक तथा पुर्नस्थापनात्मक सेवामा समेत जोड दिइनेछ।
- स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच र सामाजिक समावेशीता सुनिश्चित गर्नुका साथै सेवाग्राहीको सशक्त सहभागिता गराउन स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, स्वास्थ्यकर्मी, औषधि तथा औजार-उपकरण व्यवस्थापनमा जोड दिइनेछ।
- "कुपोषण र विभेद, हरिहरपुरगढीमा निषेध" भन्ने नाराका साथ बालबालिका तथा किशोर—किशोरीहरूको नियमित स्वास्थ्य परीक्षण गरी जोखिमहरू समयमै पहिचान गर्ने, उचित परामर्श दिने, स्वस्थ जीवनशैली तथा खानपानका व्यवहारहरू सिकाउने, यौन तथा प्रजनन् स्वास्थ्य शिक्षामा जोड दिने तथा पोषणमैत्री र किशोर—किशोरीमैत्री स्वास्थ्य संस्था सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य क्षेत्रमा सुशासन प्रणाली तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह कायम गर्न स्वास्थ्य संस्थाहरूको सामाजिक परीक्षण गरिनेछ ।
- सरुवा रोगहरू (डेंगी, क्षयरोग, कोरोना, मंकीपक्स) लगायत अन्य सरुवा रोगहरूबाट बच्न रोकथाम तथा नियन्त्रण गरी उपचार र रेफरल व्यवस्थापनमा जोड दिइनेछ ।
- "हरिहरपुर बन्दै छ, बा-आमालाई सन्चै छ" भन्ने नाराका साथ नसर्ने रोगहरू, खासगरी मुटु तथा रक्तनली, दम, उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मिर्गौला रोग जस्ता रोगहरूको प्रकोप न्यूनीकरण गर्न तथा समयमै निदान गर्न टोल-टोलमा स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिसहित एकीकृत घुम्ती शिविर सञ्चालन गरिनेछ। साथै संघीय सरकारसँग समन्वय तथा सहकार्यमार्फत औषधि वितरण र सम्बन्धित निकायमा रेफरल गर्ने व्यवस्था मिलाइनेछ।
- स्वास्थ्य सेवाको पहुँच वृद्धि गराउन गाउँघर क्लिनिक तथा खोप क्लिनिक सेवाहरूलाई सुदृढ गरी सेवा प्रवाह गरिनेछ।
- प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistance-AMR) ले मानव स्वास्थ्य, पशु स्वास्थ्य तथा वातावरणीय स्वास्थ्यमा पारेको असर न्यूनीकरण गर्न प्रभावकारी सञ्चार, शिक्षा तथा तालिमको व्यवस्था गरी जनचेतनामा सुधार ल्याउन जोड दिइनेछ ।
- गाउँपालिकाका सवै वडाहरुमा स्वास्थ्य बीमा बिस्तारमा जोड दिँदै बीमाबाट बञ्चित नागरिकहरुमा बीमा सेवा विस्तार गर्न बीमा अभिकर्ताहरुलाई प्रोत्साहन गरिने छ ।

- जनताको स्वास्थ्य सेवालाई मध्यनजर गर्दै महेन्द्रझ्याडी स्वास्थ्य चौकीमा आवश्यक कार्यविधि बनाई आकस्मिक सेवाका साथै एक्स-रे (X-Ray) सेवा सञ्चालन गरिनेछ ।
- महेन्द्रझ्याडी स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको औषधि पसललाई थप व्यवस्थित बनाउँदै आगामी दिनमा क्यानेश्वर स्वास्थ्य चौकीमा पनि सुलभ फार्मेसी सेवा सञ्चालन गरिनेछ ।
- घरमा सुत्केरी गराउने कार्य शून्य पार्ने कार्यक्रमलाई प्रभावकारी बनाउन गर्भवती तथा सुत्केरी महिलाहरूका लागि सञ्चालित निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ । साथै गर्भवती आमा र बच्चाको सुरक्षाका लागि गर्भजाँच कार्यक्रमलाई थप सहज तथा प्रभावकारी बनाइनेछ।
- प्रत्येक स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइमार्फत नेपाल सरकारले तोकेका निःशुल्क वितरण हुने औषधीहरूको वितरणलाई थप व्यवस्थित बनाइनेछ।
- गाउँपालिकाभित्र नेपाल सरकारले तोकेको मापदण्ड पूरा नगरी अनाधिकृत रूपमा सञ्चालित औषधी पसलहरूबाट कमसल गुणस्तरका औषधी बिक्री हुने तथा प्रतिबन्धित औषधीहरू बिक्री-वितरण हुने गरेको व्यापक गुनासो प्राप्त भएको हुँदा सोको कडाइका साथ निगरानी तथा व्यवस्थापन गरिनेछ। औषधीजस्तो संवेदनशील वस्तुको सुरक्षित भण्डारण तथा सुलभ बिक्रीवितरणका लागि उपयुक्त पूर्वाधार भएका स्वास्थ्य संस्थामार्फत स्थानीय स्तरमै व्यवस्थापन गर्ने गरी सामुदायिक फार्मेसी सञ्चालनको अवधारणा लागू गरिनेछ ।
- एम.बी.बी.एस. डाक्टर तथा ल्याब सेवाको व्यवस्था सहित सञ्चालन भएका महेन्द्रझ्याडी र क्यानेश्वर स्वास्थ्य चौकीहरूबाट प्रदान भइरहेका सेवाहरूलाई थप प्रभावकारी बनाइनेछ।
- सुरक्षित मातृत्वलाई प्रोत्साहन गर्न स्वास्थ्य संस्थामा आई सुत्केरी हुने महिलाहरूलाई थप रु. १,००० (एक हजार रुपैयाँ) प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ज्येष्ठ नागरिकहरूको औषधी उपचारका लागि वार्षिक रु. ३,००० (तीन हजार रुपैयाँ) उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- ज्येष्ठ नागरिकहरूलाई आकस्मिक उपचारका लागि स्थानीय स्वास्थ्य संस्थाको सिफारिसमा अस्पतालसम्म लैजान सञ्चालित निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।
- गर्भवती महिला तथा विद्यालय बाहिर रहेका किशोरीहरूको खाद्य सुरक्षा र पोषण अवस्थामा सुधार ल्याउन पोषण तथा आयआर्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका समुदायहरूका लागि निःशुल्क स्वास्थ्य शिविर कार्यक्रमहरू आयोजना गरिनेछ ।
- मानसिक रोगको प्रकोप तथा आत्महत्याका घटनाहरू बढ्दो क्रममा रहेकाले मानसिक स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- घरमै सुत्केरी गराउने कार्य शून्य पार्ने कार्यक्रमलाई प्रभावकारी बनाउन स्वास्थ्य आमा समूह गठन तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- प्रोटोकल अनुसार गर्भवती जाँच बढाउन गर्भवती प्रोत्साहन पोषण प्याकेजको व्यवस्था गरिनेछ।

- ज्येष्ठ नागरिकहरूको रोग पहिचान तथा उपचारका लागि घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाति तथा सामाजिक बहिष्करणमा परेका वर्गका लागि उत्थानशील कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- आमा-बुबा बिहीन बालबालिकाहरूका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- बालमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ऐतिहासिक कालदेखि जीवननिर्वाहका रूपमा अपनाइएका परम्परागत पेशालाई व्यावसायिक उद्यमका रूपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ।
- बालविवाहमुक्त गाउँपालिका बनाउन जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण, सीप विकास तथा अधिकार संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण तथा औषधी उपचार लगायत अन्य सेवाको व्यवस्थापनमा जोड दिइनेछ।
- "हिंसामुक्त गाउँपालिका, हाम्रो पहिचान" अभियान सञ्चालन गरी सबै प्रकारका हिंसाविरुद्ध शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ।
- गृहिणी महिला सशक्तीकरण कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारसँग साझेदारी गरिनेछ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकको पहिचान तथा संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. भौतिक पूर्वाधार विकास

क. पूर्वाधार विकास :

- आगामी आर्थिक वर्षलाई "पूर्ण खानेपानी पहुँच वर्ष" का रूपमा कार्यान्वयन गर्दै गाउँपालिकाभित्र रहेका खानेपानी समस्यालाई निर्मूल गरिने छ । स्वच्छ, सुरक्षित र दिगो खानेपानी सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।
- गाउँपालिकाका सबै वडामा विद्युत् सेवाको पहुँच विस्तार गरी कुनै पनि बस्ती विद्युत् सेवाबाट वञ्चित नरहने अवस्था सिर्जना गरिनेछ।

- एक वडा एक प्राविधिक खटाई निर्माण कार्यको गुणस्तर कायम राख्न तथा भौतिक परिमाणको लेखाजोखा गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- योजना बैंकको अवधारणा लागू गरिनेछ । सोही अनुसार योजनाको लागत, ड्रइङ्ग, डिजाइन, स्ट्रक्चर निर्माण गरी कार्यान्वयनमा जोड दिईनेछ ।
- नदीजन्य पदार्थ उत्खननका लागि IEE/EIA प्रतिवेदन तयार पारी ठेक्का लगाइने छ । ठेक्का नलागेको खण्डमा पालिका, प्रदेश र संघीय योजनाहरुबाट कर संकलन कार्यमा कडाई गरिने छ ।
- अधुरो सार्वजनिक भवनहरु तथा अन्य अधुरा योजनाहरुलाई सम्पन्न गर्न विशेष प्राथमिकता दिईनेछ ।
- सम्पन्न भएका योजनाहरुको अनुगमन तथा निरिक्षण थप प्रभावकारी बनाउने निति अवलम्वन गरिनेछ ।
- संघीय/प्रादेशिक समपूरक अनुदान अन्तर्गत परेका पुल, सडक आदी योजनाहरु समयमै सम्पन्न गरिनेछ ।

ख. यातायात विकास

- गाउँपालिकाभित्रका सम्पूर्ण सडकहरूको मापदण्ड कायम गरी सोहीअनुसार गाउँपालिकाको यातायात गुरुयोजना (RMTMP) कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाभित्रका सडकहरूको मर्मतलाई प्रभावकारी बनाउन मुख्य-मुख्य सडकहरू वर्षभरि सञ्चालन हुने गरी मर्मत सम्भार कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा यातायात गुरुयोजनाले निर्देशित गरेका आयोजनाहरूलाई प्राथमिकता दिँदै नयाँ ट्र्याक खोल्ने कार्यलाई कम गरी मर्मत तथा स्तरोन्नति कार्यलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।
- यातायात पूर्वाधारलाई दिगो बनाउने लक्ष्यअनुसार प्रत्येक आर्थिक वर्षमा कम्तीमा २ कि.मि. पक्की सडक (कालोपत्रे/ढलान) निर्माण गर्ने नीति लिइनेछ ।

ग. भवन तथा आवास

- गाउँपालिका भित्रको जग्गा वर्गीकरण मापदण्डअनुसार भू-उपयोग क्षेत्र निर्धारण गरी बस्ती विकास, भवन निर्माण तथा अन्य सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
- बस्ती विकास तथा भवन निर्माण मापदण्ड र नक्सापास सम्बन्धी कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

- भिरालो भू-भाग, बाढी, पहिरो, डुबान तथा अन्य प्राकृतिक प्रकोपको उच्च जोखिम भएका क्षेत्रमा भवन निर्माण कार्यलाई नियन्त्रण गरिनेछ ।
- गाउँपालिकाको जग्गा प्राप्ति प्रकृया अगाडी बनाइने छ । नयाँ प्रशासकीय भवन निर्माण गर्न संघीय सरकार संग सहकार्य गरिनेछ ।

ग. खानेपानी तथा सरसफाई

- संघीय विशेष अनुदान अन्तर्गत वडा नं. १, २, ३, ४ र ६ मा इनार तथा डिप बोरिङ्ग खानेपानी आयोजना निर्माण कार्य अगाडि बढाइनेछ ।
- गाउँपालिकाभित्र रहेका खानेपानीका मुहान तथा सिमसार क्षेत्रको संरक्षण गर्दै ती स्रोतहरूबाट खानेपानी आपूर्ति गर्ने व्यवस्था गरिनेछ ।
- विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानी आपूर्ति गर्ने व्यवस्थाका लागि सम्भाव्यता अध्ययन गरी संघीय तथा प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अगाडि बढाइनेछ ।

घ. जलस्रोत तथा सिँचाई

- गाउँपालिकाभित्र रहेका कृषियोग्य जमिनमा सिँचाइको उपलब्धता सुनिश्चित गर्न इनार तथा डिप बोरिङ्ग निर्माण कार्यलाई निरन्तरता दिइने छ । सिँचाइका मुहानको खोजी तथा सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ।
- ठूला सिँचाई आयोजनाहरू सञ्चालन गर्न संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा निर्माण कार्य अगाडि बढाइनेछ ।

ङ. भूमिसुधार :

- भूमि प्रशासन कार्यालय सिन्धुली र नापी कार्यालय सिन्धुलीबाट प्रवाह हुँदै आएका सेवाहरु यसै हरिहरपुरगढी गाउँपालिकाको कार्यालयबाट प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- हरिहरपुरगढी गाउँपालिका भित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाहरुको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गरिनेछ ।
- हरिहरपुरगढी गाउँपालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गाधनी प्रमाण पुर्जा तयार गर्न आवश्यक व्यवस्थापनको साथै समन्वय तथा सहकार्य गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रको भूमिको अद्यावधिक विवरण तथा डिजिटल अभिलेखीकरण गरिने छ।
- सार्वजनिक, ऐलानी, पर्ती तथा सरकारी जग्गाको संरक्षण र व्यवस्थापन गरिने छ ।

- भू-उपयोग नक्सा तथा भूमि सूचना प्रणाली विकास गरिने छ ।
- कृषि, आवास, उद्योग, पर्यटन, वन तथा पूर्वाधार क्षेत्रका लागि भू-उपयोग वर्गीकरण लागू गरिने छ । उर्वर कृषि भूमिलाई अनियन्त्रित खण्डीकरण र गैर-कृषि प्रयोगबाट संरक्षण गरिने छ ।
- भू-उपयोग ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिने छ ।
- स्थानीय स्तरमा भूमिको कित्ताकाट, नापजाँच तथा विवाद समाधानका लागि सहजीकरण गर्न नापी सर्भेक्षक परिचालन गरिने छ ।
- भूमि व्यवस्थापनसँग सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिने छ ।
- भूमि प्रशासन तथा भू-उपयोग व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग बढाइने छ ।

च. मानव अधिकार :

- गाउँपालिकाका सबै नीति, योजना तथा कार्यक्रमहरूलाई मानव अधिकारमैत्री बनाइनेछ ।
- नागरिकका मौलिक हक तथा अधिकारको संरक्षण र कार्यान्वयनमा जोड दिइनेछ ।
- महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहमा कुनै पनि प्रकारको विभेद हुन दिइनेछैन।
- लैङ्गिक हिंसा, घरेलु हिंसा तथा मानव बेचबिखन विरुद्ध सचेतना र संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा तथा सामाजिक संरक्षणका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- विद्यालय, समुदाय तथा सार्वजनिक संस्थाहरूमा मानव अधिकार सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- जातीय छुवाछूत, भेदभाव, हिंसा तथा सामाजिक बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

छ. संस्कृति तथा पर्यटन पूर्वाधार

- गाउँपालिकालाई खुला बहुसांस्कृतिक सङ्ग्रहालयको रूपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता संकेतहरू निर्माण गरिनेछ ।
- हरिहरपुरगढी गाउँपालिका वडा नं. १ को नयाँगाउँ पाखिन टोल र ७ को सिसौदमारमा तामाङ्ग डम्फु पार्क निर्माण गरिने छ ।
- हरिहरपुरगढी गा.पा. वडा नं. ६ कौवाडाँडा स्थित टावरडाँडामा बौद्ध स्तुपा एवं बहुउद्देश्यीय संग्रहालय भवन निर्माणमा जोड दिईने छ ।

- हरिहरपुरगढी गा.पा. वडा नं. ७ माथिल्लो पथराहीमा भूमेश्वर मन्दिर एवं प्रतिक्षालय निर्माणमा जोड दिइने छ ।
- हरिहरपुरगढी गा.पा. वडा नं. ८ जमुनेपर्तामा उर्गेन बज्र छोइलिङ् गुम्बा निर्माण एवं पुजापाठ भवन निर्माणमा जोड दिइने छ ।
- हरिहरपुरगढी गा.पा. वडा नं. ४ मा अवस्थित लोहासुर पोखरी संरक्षणमा जोड दिइने छ ।
- गाउँपालिकाभित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरूको संरक्षण गर्दै त्यस्ता भाषाको लिपि तथा व्याकरण लेखन र प्रकाशन गर्ने नीति लिइनेछ ।

## ४. वातावरण, जलवायु तथा विपद् व्यवस्थापन

- गाउँपालिकाबाट सञ्चालन हुने प्रमुख आयोजनाहरू कार्यान्वयन गर्दा वातावरणीय अध्ययन अनिवार्य रूपमा लागू गरिनेछ ।
- गाउँपालिकाभित्र ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थहरूको अवैध दोहन नियन्त्रण गरी व्यवस्थित तथा प्रभावकारी बनाउन संघीय तथा प्रदेश मापदण्ड कार्यान्वयन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापना कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- स्वच्छ, हरित र वातावरणमैत्री गाउँपालिका निर्माणलाई प्राथमिकता दिइनेछ ।
- फोहोरमैला व्यवस्थापन, प्लाष्टिकजन्य प्रदूषण नियन्त्रण तथा सरसफाई कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- वन, जलाधार, सिमसार तथा जैविक विविधताको संरक्षण र दिगो उपयोगलाई प्रवर्द्धन गरिनेछ।
- वृक्षरोपण, हरियाली प्रवर्द्धन तथा खुला क्षेत्र संरक्षण कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।
- बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ, भूकम्प लगायतका विपद्को जोखिम पहिचान र नक्साङ्कन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणलाई विकास योजनासँग एकीकृत गरिनेछ ।
- स्थानीय विपद् व्यवस्थापन समिति तथा स्वयंसेवकहरू तयार गरी क्षमता विकास गरिनेछ ।
- विपद् पूर्वतयारी, खोज तथा उद्धार, प्राथमिक उपचार र राहत व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- आवश्यक उद्धार सामग्री तथा विपद् कोषको व्यवस्था गरिनेछ ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

- "सार्वजनिक जवाफदेहिताः शासन, विकास र सेवा प्रवाहमा पारदर्शिता" भन्ने मूल आदर्शलाई आत्मसात गर्दै सार्वजनिक सुनुवाइ तथा सार्वजनिक परीक्षणलाई अनिवार्य बनाइ नागरिक गुनासो व्यवस्थापन प्रणाली (Citizen Grievances Response App) लागू गरिनेछ।
- प्रत्येक महिनाको आय-व्यय विवरण गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटी र वेबसाइटमा अनिवार्य प्रकाशन गरिनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीहरूको सीप तथा क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमणलाई निरन्तरता दिइनेछ ।
- सेवा प्रवाह तथा विकास निर्माणमा हुन सक्ने अनियमितता, अपारदर्शिता तथा ढिलासुस्ती प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- योजना तथा कार्यक्रम व्यवस्थापन प्रणाली (PPMS), लेखाङ्कन प्रणाली, राजस्व सुधार, अभिलेख व्यवस्थापन लगायतका सेवामा विद्युतीय प्रणाली लागू गरिनेछ ।
- गाउँपालिकाभित्रका युवाहरूको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवामा पहुँच बढाउन लोक सेवा आयोगका विभिन्न तहका परीक्षाहरूमा प्रतिस्पर्धात्मक सहभागिता र सफलता वृद्धि गर्न प्रशिक्षण, अध्ययन सामग्री तथा सहजीकरणको व्यवस्थाका मिलाइने छ ।
- हरिहरपुरगढी गाउँपालिकाको प्रोफाईल निर्माण गरिने छ ।
- "हाम्रो हरिहरपुरगढी" नामक मोबाइल एप विकास गरी नागरिक बडापत्र, सूचना तथा गाउँपालिका प्रोफाइल सम्बन्धी जानकारी उपलब्ध गराइनेछ।
- नागरिकको सूचनाको हकको प्रभावकारी कार्यान्वयन तथा सार्वजनिक निकायमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न सूचना प्रवाह र सार्वजनिक सूचनाको पहुँचलाई सुदृढ गरिनेछ ।
- स्थानीय सञ्चार माध्यम तथा सञ्चारकर्मीहरूको क्षमता विकास, व्यावसायिक सुदृढीकरण र प्रविधिमैत्री कार्यक्रमका लागि आवश्यक सहयोग, तालिम तथा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय स्तरमा सूचना, शिक्षा, संस्कृति तथा विकाससम्बन्धी गतिविधिको प्रभावकारी प्रचारप्रसारका लागि स्थानीय रेडियो सञ्चालन तथा व्यवस्थापनको आवश्यक व्यवस्था गरिनेछ।
- कर्मचारी व्यवस्थापन प्रणाली (PIS) Software विकास गरी कार्यसम्पादनमा आधारित दण्ड/पुरस्कार प्रणाली लागू गरिनेछ ।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF) तथा गुरुयोजना अद्यावधिक गरी वार्षिक बजेटसँग तादात्म्यता कायम गरिनेछ ।
- कार्यालय तथा मातहतका निकायहरूको कामकारबाही प्रभावकारी बनाउन निरन्तर अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।
- मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा प्रणालीलाई थप परिणाममुखी बनाइनेछ।

- वेबसाइट नियमित अद्यावधिक गरी सूचना तथा प्रतिवेदनहरूको सार्वजनिकीकरण गरिनेछ ।

६. कर, राजस्व तथा आन्तरिक स्रोत परिचालन

क. कर तथा राजस्व

- स्थानीय स्रोतहरूको दिगो उपयोग गर्दै आन्तरिक राजस्व वृद्धि गर्न करको दर तथा दायरा विस्तार गरिनेछ ।
- पर्यटन, कृषि, पशुपालन, जलाशय तथा कफी पकेट क्षेत्रबाट आम्दानी वृद्धि गर्ने योजनालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका तथा वडा स्तरमा प्रवाह हुने सेवाहरूलाई कर प्रणालीसँग आबद्ध गरिनेछ ।
- कर प्रशासनलाई सरल, पारदर्शी र प्रविधिमैत्री बनाउँदै करदातामैत्री सेवा प्रदान गरी करदाताको सहज पहुँच, समयमै सेवा प्राप्ति तथा स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ ।

ख. स्थानीय तथ्याङ्क संकलन, अभिलेख व्यवस्थापन, सामाजिक सुरक्षा तथा पञ्जीकरण

- सामाजिक सुरक्षा भत्ता कम्तीमा वर्षमा दुई पटक वडा स्तरमै मोबाइल बैंकिङ प्रणालीमार्फत वितरण गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूलाई घुम्ती टोलीमार्फत राष्ट्रिय परिचयपत्र वितरण गरिनेछ ।
- बायोमेट्रिक प्रमाणीकरण गरी सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूको नवीकरण गरिनेछ ।
- प्रत्येक वर्ष घटना दर्ता अभियान सञ्चालन गरिनेछ ।

ग. वित्तीय

- वित्तीय संस्थाहरूलाई विपन्न तथा पिछडिएका समुदायमा सेवा विस्तार गर्न प्रोत्साहन गरिनेछ।
- गाउँपालिका भित्र नयाँ वित्तीय संस्था स्थापना गर्नु पुर्व गाउँपालिकाको स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ ।

घ. न्यायिक समिति

- सबै नागरिकलाई छिटो, छरितो, पहुँचयोग्य तथा प्रभावकारी न्याय सेवा प्रदान गरिनेछ ।
- मेलमिलाप केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरूको क्षमता विकासका लागि तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनेछ ।

- मेलमिलाप केन्द्रहरूको नियमित अनुगमन तथा वडा स्तरीय सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गरिब, असहाय तथा पछाडि परेका व्यक्तिहरूलाई निःशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराइनेछ ।

७. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम तथा सामी कार्यक्रम

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम, आन्तरिक रोजगार, वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणाली (FEWMIS), कन्सुलर सेवा तथा श्रम संसार पोर्टलको प्रभावकारी सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- रोजगारीमा खटिनुअघि सबै श्रमिकलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- रोजगार रणनीति तर्जुमा गरी आन्तरिक रोजगारी प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ ।
- रोजगार संवाद मञ्चलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।
- रोजगार आयोजनाहरू सञ्चालनका लागि आवश्यक निर्माण सामग्रीमा स्थानीय तहको लागत साझेदारी सुनिश्चित गरिनेछ ।
- "श्रमको सम्मान, राष्ट्रको अभियान" सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरूका लागि पुनः श्रम स्वीकृति तथा कन्सुलर सेवाहरू गाउँपालिकाबाटै उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।
- स्वरोजगार तथा रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरी रोजगारी सिर्जना गरिनेछ ।
- वैदेशिक रोजगारमा जाने तथा फर्किएका व्यक्तिहरू र तिनका परिवारलाई सूचना, परामर्श, मनोसामाजिक सहयोग तथा उद्यम स्थापना सम्बन्धी सहयोग प्रदान गरिनेछ ।
- वैदेशिक रोजगारमा रहेका तथा फर्किएका व्यक्तिहरूको तथ्याङ्क संकलन गरिनेछ ।
- रोजगार, शिप तथा उद्यमशिलता विकासमा परिमाणमुखी काम गरिनेछ ।
- रोजगार, शिप तथा उद्यमशिलता केन्द्र अन्तर्गतका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

अन्त्यमा,

हरिहरपुरगढी गाउँपालिकाको आर्थिक रूपान्तरणलाई दिशानिर्देश गर्ने उद्देश्यका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रम हरिहरपुरगढी गाउँपालिकाको भविष्यको मार्गदर्शक दस्तावेज हो । हरिहरपुरगढी गाउँपालिकाको समग्र विकास, सुशासन, सेवा प्रवाह, पूर्वाधार निर्माण लगायतका क्षेत्रमा प्रभावकारिता अभिवृद्धि गर्दै स्थानीय सरकारप्रति नागरिकको विश्वास मजबुत बनाउने सुशासकीय अभ्यासको लक्ष्य पूरा गर्न

सबै पक्षको साथ र सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । हरिहरपुरगढी गाउँपालिकालाई जनअपेक्षा अनुरूप विकासका चाहनाहरू पूरा गर्ने, स्थानीय सरकार र स्थानीयवासीबीच सुदृढ सम्बन्ध कायम गर्ने तथा आधुनिक प्रविधि र मौलिक पहिचानको समन्वयमार्फत समृद्ध हरिहरपुरगढी निर्माण गर्ने हाम्रो दृढ संकल्प अटल छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँपालिकावासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट सामाजिक तथा आर्थिक क्षेत्र गतिशील भई आर्थिक वृद्धि, पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय स्थापना हुनेछ । यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै क्षेत्रबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास लिइएको छ ।

अन्त्यमा, हरिहरपुरगढी गाउँपालिकाको समग्र विकासमा योगदान पुऱ्याउने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, निजी तथा सहकारी क्षेत्र, सामुदायिक संस्था, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरू र विकास साझेदार संस्थाहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मिति २०८३/०३/०५

बज्रध्वज वाईबा
अध्यक्ष